आज मिति २०८० साल फागुन १८ गते शुक्रबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८०/०८१ को १५ औँ कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

**उपस्थिति** :

श्री बेचन प्रसाद मेहता - अध्यक्ष -

श्री कुमारी विभा यादव - उपाध्यक्ष -

श्री सुर्य नारायण पाल - वडा अध्यक्ष, वडा नं.१ -

श्री जग नारायण मेहता - वडा अध्यक्ष, वडा नं.२ -

श्री अनिल कुमार भगत - वडा अध्यक्ष, वडा नं.३ -

श्री शुशिल कुमार मेहता - वडा अध्यक्ष, वडा नं.४ -

श्री मनोज कुमार मण्डल - वडा अध्यक्ष, वडा नं.५ -

श्री हरिनन्दन मेहता - वडा अध्यक्ष, वडा नं.६ -

श्री सुर्य नारायण यादव - वडा अध्यक्ष, वडा नं.७ -

श्री रुणा देवी दास - कार्यपालिका सदस्य-

श्री उषा देवी यादव - कार्यपालिका सदस्य-

श्री सुनिता देवी यादव - कार्यपालिका सदस्य-

श्री सम्तुलिया देवी बाँतर - कार्यपालिका सदस्य-

श्री मनोज कुमार भगत - कार्यपालिका सदस्य-

श्री किशोर कुमार पाल - कार्यपालिका सदस्य-

श्री रामराज पौडेल - सचिव-

**आमन्त्रित** :

श्री मचिन्द्र कुमार थलङ (लिम्बु) - प्रशासन अधिकृत -

श्री विन्देश्वर यादव - लेखापाल -

श्री वाल कुमार श्रेष्ठ - कम्प्युटर अपरेटर -

**प्रस्तावहरु :**

१. समिक्षा सम्बन्धमा ।
२. स्वास्थ्य शाखा अन्तर्गतका कर्मचारीहरु सम्बन्धमा ।
३. मोटर वितरण सम्बन्धमा ।
४. DPR सम्बन्धमा ।
५. आयोजनाको लागत भेरिएसन सम्बन्धमा ।
६. रकम भुक्तानी सम्बन्धमा ।
७. विद्युत प्राधिकरणलाई रकम निकासा सम्बन्धमा ।
८. योजना संसोधन सम्बन्धमा ।

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८०/११/१३ गते बसेको आ.व. २०८०/०८१ को १४ औं कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.को मिति २०७९/११/१२ गतेको स्वास्थ्य शाखा प्रमुख परिवर्तन गर्ने निर्णय सम्बन्धमा प्रशासकीय अदालतको मिति २०८०/०९/१९ गतेको फैसलाबाट उक्त निर्णय बदर भई निवेदक उमेश प्रसाद मेहतालाई पूर्ववत रुपमा कामकाज गर्नदिनु भनि आदेश जारी भएको तर सोहि फैसलामा निवेदक उमेश प्रसाद मेहताको पद सरुवा हुनै नसक्ने नभएको भनि उल्लेख भएको हुँदा उमेश प्रसाद मेहतालाई गाउँपालिकामा हाजिर गराई देवानगञ्ज गा.पा. वडा नं.१ मा रहेको स्वास्थ्य चौकी मध्यहर्षाहीमा प्रमुखको रुपमा सरुवा गर्ने तथा त्यहाँ कार्यरत श्री राज कुमार मेहतालाई देवानगञ्ज गाउँपालिका वडा नं.७ मा रहेको स्वास्थ्य चौकी रा.सि.मा प्रमुखको रुपमा सरुवा गर्ने तथा स्वास्थ्य चौकी रा.सि.मा कार्यरत श्री सुरेश कुमार पण्डितलाई गाउँपालिका कार्यालयमा सरुवा गरी स्वास्थ्य शाखा प्रमुखको जिम्मेवारी दिई कामकाज लगाउने र हालका स्वास्थ्य शाखा प्रमुख श्री राकेश कुमार मेहतालाई देवानगञ्ज गा.पा.वडा नं.७ मा रहेको स्वास्थ्य चौकी रा.सि.मा सरुवा गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.ले विभिन्न शिर्षकबाट खरिद गरेको २ HP इलेक्ट्रीक मोटर पम्प मिति २०८०/११/२० गते विहान ११ बजे देखि वडा नं.१,२,३ र मिति २०८०/११/२१ गते विहान ११ बजे देखि वडा नं.४, ५, ६, ७ का दर्ता भएका कृषकलाई वितरण गर्ने तथा उक्त मोटर खरिद गर्दा भुक्तानी बाँकी

भएको २० प्रतिशत रकम समपुरक कोष शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा Ma Yogini Engineering Consultancy, Saptari, Nepal द्वारा तयार गरिएको देवानगञ्ज गा.पा. वडा नं.६ स्थित श्री फोचोदास आ.वि. को १६ कोठे भवनको विस्तृत आयोजना प्रतिवेदन (DPR) सन्तोषजनक रहेकोले उक्त प्रतिवेदन स्वीकृत गरी सम्झौता बमोजिमको रकम रु. ९,०८,९७२/- भ्याट सहित भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

५. प्रस्ताव नं.५ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.२ मा निर्माणाधीन अवस्थामा रहेको तर निर्माण गर्ने क्रममा केहि आईटम परिवर्तन गर्नुपर्ने तथा केही पुरानै आईटममा थप गर्नुपर्ने प्राविधिक प्रतिवेदनबाट देखिन आएकोले तपसिल बमोजिम रकम भेरिएसन गरि निर्माण कार्य अगाडी बढाउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल :**

| S. N. | Description | Estimated amount | Revised Estimated amount | Bid Amount | % increase in Est | Revised Bid Amount | Amount Increase in Bid | % increase in Bid |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 10 Bed Primary Hospital,Dewangung,Dewangung-2 Sunsari | 105522161.03 | 126696646.2 | 71325152.08 | 20.07 | 88829608.69 | 17504456.62 | 24.54 |

| SN | Additional Items | Quantity | Unit | Rate | Amount (Rs.) |
|---|---|---|---|---|---|
| 1 | coloured marble flooring on 20mm mortar 1:2 including rubbing and polishing As per specification and instruction all complete | 1012.17 | Sqm | 4850 | 4909043.05 |
| 2 | 2mm white putting Work as per specification and instruction all complete work | 4029.98 | Sqm | 225 | 906745.41 |
| 3 | Squre pipe Or Cicular black pipe for top Stair case with all Complete | 739.775 | kg | 145 | 107267.375 |
| 4 | 26 gauge Medium coloured C.G.I. Sheet roofing | 161.4 | Sqm | 1200 | 193680 |

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा देवानगञ्ज गा.पा. वडा नं.३ मा निर्माण भएको मोतिटप्पु जाने बाटोको कालोपत्रे सडकमा भुक्तानी अपुग भएकोले मुल्याङ्कन अनुसारको अपुग रकम समपुरक कोष शिर्षकबाट भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा देवानगञ्ज गा.पा.मा संचालित वडा नं.१ देखि ७ सम्म कृषि विद्युतीकरण आयोजनाको चालु आ.व.मा विद्युत प्राधिकरणको ४० प्रतिशत देवानगञ्ज गा.पा.को ६० प्रतिशत साझेदारीमा दोश्रो खण्डको कार्य सुरु गर्ने प्रयोजनार्थ देवानगञ्ज गा.पा. को ६० प्रतिशत रकम रु.६,५०,००,०००/- (अक्षरेपी छ करोड पचास लाख) मध्ये हाल रु. ४,५०,००,०००/- (अक्षरेपी चार करोड पचास लाख) निकासा गर्ने र बाँकी दुई करोड रकम आगामी २ महिना भित्र निकासा गर्ने सर्वसम्मत निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा १३ औं गाउँसभाबाट संसोधित योजना मध्ये देवानगञ्ज गा.पा. वडा नं. ५ को पाल टोलको अधुरो RCC ढलान कार्यको रु. ३ लाख रकम कटौती गरी देवानगञ्ज-५ को BOP बाटोमा अधुरो ढलान कार्यमा थप गरी निर्माण कार्य गर्ने सर्वसम्मत निर्णय गरियो ।